नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं

नेपाल

पेटेन्ट र डिजायन दर्ता सम्बन्धी सूचना

पुनः सुचना प्रकाशित मिति:२०८२/१२/३०

सम्वत् २०८२ साल भाद्र २४ गते भएको आगजनी, तोडफोडबाट विभागको औद्योगिक सम्पत्ति शाखामा रहेका भौतिक फाइलहरु जलेर नष्ट भएकोले पेटेन्ट तथा डिजायन दर्ता तथा नवीकरण लगायतको कार्यमा समस्या परेको हुँदा उक्त मिति अघि विभागमा पेटेन्ट तथा डिजायन दर्ता तथा नवीकरणको लागि निवेदन दिएका सम्पूर्ण दरखास्तवालाले आवश्यक कागजात संलग्न राखी प्रतिलिपि फाईल खडा गरी यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि मिति २०८२/०९/३० मा सूचना प्रकाशन गरिएकोमा सेवाग्राहीबाट समय अपुग भएकोले पुनः समय थप गर्नको लागि अनुरोध भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले ९० दिनको समय थप गरी देहाय बमोजिम हुन यो सूचना प्रकाशित गरिएको छ । साथै, थप गरिएको अवधिभित्र निवेदन पेश हुन नआएका वा निवदेन पेश भई कागजातमा पुष्टयाई हुन नसकेका दरखास्तका सम्बन्धमा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ ।

<u>देहायः</u>

यस विभागमा पेटेन्ट तथा डिजायन दर्ताका लागि निवेदन दिएका र कागजात पूरा नभएका दरखास्तवालाहरूको हकमा यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र आवश्यक कागजात संलग्न गरी विभाग समक्ष पुनः निवेदन पेश गर्नुपर्नेछ ।

२०८२/१२/३०